नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(........................................शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

मिति : ........................

नजिकिदै गइरहेका विभिन्न चाडवाडहरुको समयमा सार्वजनिक यातायातलाई सहज वनाउने सन्दर्भमा नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीको संयोजकत्वमा आज मिति २०७३ असोज १६ गतेका दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकले विभिन्न बस व्यवसायी लगायत सम्बद्ध सरकारी निकायहरुसंग समन्वय गरी दशैं, तिहार र छठ जस्ता चाडपर्वहरुमा छोटो र लामो दुरीको यात्रा गर्ने यात्रुहरुलाई सहज ढंगले आवतजावत गर्ने व्यवस्था मिलाउन भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको छ। साथै उक्त बैठकबाट दशैं, तिहार र छठको केही बढी महत्वपूर्ण दिनहरुमा यात्रुहरुको सुविधाको लागि सरकारी स्वामित्वमा रहेका ठूला बसहरु काठमाडौं उपत्यकाभित्र सञ्चालन गर्ने व्यवस्था सामान्य प्रशासन मन्त्रालयले मिलाउने तथा दशैंको विदामा काठमाडौंबाट वाहिर जाने यात्रुहरुको अत्यधिक चाप भएको र सर्वसाधारणले बसको टिकट नपाएको भन्ने गुनासो संचार माध्यम मार्फत सार्वजनिक भइरहेको सम्बन्धमा परिस्थितिको यथार्थ जानकारी लिई वैकल्पिक व्यवस्थाको समेत प्रवन्ध गर्ने निर्णय भएकाले सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

उक्त बैठकमा गृह, उद्योग, सामान्य प्रशासन, भौतिक पूर्वाधार तथा यातायात र शिक्षा मन्त्रालयका सचिवहरुका साथै नेपाली सेना र नेपाल प्रहरीका प्रमुखहरुको समेत सहभागिता रहेको थियो।

**२०७३ असोज १६ गते**

(चिरञ्जिवी पौडेल)

उपसचिव/सहायक प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np